म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.ढ.नं.
३०/०६५/०७०

वर्ष:१५ अङ्क:- ८२ २०८० माघ २६ गते शुक्रबार 9 February 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

## आगोले पोलेर घाइते पार्वतीको मृत्यु

हेटौँडा: आगोले पोलेर घाइते भएकी मकवानपुरको भीमफेदी गाउँपालिका-६, तारगाउँकी पार्वती रम्तेलको मृत्यु भएको छ। गत शुक्रबार बिहान साढे ७ बजेको समयमा घरमै आगो ताप्ने क्रममा आगोले पोलेर पार्वतीको दुबै खुट्टा, पेटमा गम्भीर चोट लागेको थियो ।

शुक्रबार नै हेटौँडा अस्पतालमा प्राथमिक उपचारपछि पार्वतीलाई थप उपचारका लागि काठमाडौं जिल्लाको कीर्तिपुरस्थित बर्न अस्पतालमा पठाइएको थियो। बर्न अस्पतालमै उपचारको क्रमममा बुधबार राती ९ बजेको समयमा पार्वतीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

# सरकार विकास निर्माणमा असफल भयो: नेता थपलिया



समाज संवाददाता

हेटौँडा: नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जेएन थपलियाले वर्तमान सरकार विकासमा असफल भएको बताउनुभएको छ । बिहीबार पत्रकार सम्मेलन गर्दै नेता थपलियाले ऐन निर्माण र विकास निर्माणमा प्रदेश सरकार असफल भएको आरोप लगाउनुभएको छ ।

प्रदेश सरकारको चालु आर्थिक वर्षको विकास बजेट खर्च निराशाजनक रहेको उहाँको भनाइ छ। सरकारले संसद् बैठक आह्वान गर्न नचाहेको उहाँको भनाइ छ । संसद् अधिवेशन अन्त्य गरेको ४ महिनासम्म पनि प्रदेशसभा बैठक बस्न नसकेको र ऐन निर्माणमा गति लिन नसकेको बताउँदै पहिलो कार्यकालमा ४३ वटा मूल ऐन बनाएको प्रदेशसभाको दोस्रो कार्यकालको गति हेर्दा एकतिहाई काम पनि गर्न सक्ने अवस्था नरहेको उहाँको भनाइ छ ।

एक विज्ञप्ति जारी गर्दै 'दोस्रो कार्यकालको एकवर्ष बितिसक्दा प्रदेशसभाको जम्मा ५६ वटा मात्र बैठक बसेको छ। अघिल्लो वर्ष पनि वर्षे अधिवेशन बोलाउन नेकपा एमाले संसदीय दलले पटक-पटक माग गरिसकेपछि मात्र बोलाउने काम भयो । अहिले पनि वर्षे अधिवेशन अन्त्य गरेर निदाएको सरकारलाई अनौपचारिक तथा औपचारिकरुपमा पटक-पटक अनुरोध गर्दा पनि अधिवेशन नबोलाउने र विपक्षी दलका कारण अधिवेशन बोलाउन नपाएको गलत प्रचार गर्ने गरेकाले भ्रममा नपर्न अनुरोध गर्दछौं' भनिएको छ। ऐन निर्माणमा मात्र हैन सरकार विकास निर्माणमा पनि असफल रहेको उहाँको भनाइ छ ।

आर्थिक वर्षको दोस्रो चौमासिक पूरा हुनलाग्दा पनि हालसम्म ९ प्रतिशतभन्दा बढी विकास बजेट खर्च गर्न नसकेको उहाँले दावी गर्नुभयो । दुग्ध उत्पादक किसानलाई दिँदै आएको अनुदान कटौती गर्दै सरकारले किसानप्रति देखाएको अनुदारवादी व्यवहार र किसानमारा क्रियाकलाप गरेको थपलियाले बताउनुभयो।

'समतामूलक विकासका लागि नेकपा एमालेले माग गरेका योजनाहरु आवश्यक नीति बनाएर कार्यान्वयन गर्नुको साटो अख्तियारको पत्र देखाएर पन्छने तर रकमान्तर गरेर जथाभाबी रुपमा गठबन्धनकारी सरकारका केही प्रभावशाली मानिने मन्त्रीहरु र तिनका आसेपासेलाई मात्र बजेट बढिरहेको पाइएको छ', विज्ञप्तिमा भनिएको छ- 'संसदमा पटक-पटक माननीयहरुले उठाएका सवालहरु, सरकार आफैंले गरेका प्रतिवद्धताहरु, प्रमुख प्रतिपक्षी र विपक्षी दलहरुले उठाएका आवाजहरु समेतलाई सम्बोधन गरेको छैन ।'

प्रमुख प्रतिपक्षी दल भएको हैसियतमा जनसरोकारका विषयलाई सम्बोधन गर्न, संघीयतालाई संस्थागत गर्न र सुशासन कायम गराउन सरकारलाई बारम्बार ध्यानाकर्षण एवम् दबाब दिइरहेको नेता थपलियाले बताउनुभयो । प्रतिपक्षले उठाएका जनताका मागहरुलाई सरकारले बेवास्ता गरिरहेको उहाँले टिप्पणीसमेत गर्नुभयो। उहाँले सरकारले मन्त्रीमुखी बजेट विनियोजन गरेको र कतिपय सांसदको क्षेत्रमा बजेट नभएको बताउनुभयो। नेता थपलियाले सरकारले छिटो हिउँदे अधिवेशन नबोलाए कानुनी तबरले अघि बढ्नेसमेत जनाएको छ ।

# सवारीमैत्री सडक नहुँदा दुर्घटना: मन्त्री श्रेष्ठ



समाज संवाददाता

हेटौँडा: बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले सवारीमैत्री सडक नहुँदा सवारी दुर्घटना बढिरहेको बताउनुभएको छ । बिहिबार हेटौँडामा प्रदेशस्तरीय ट्राफिक सप्ताहको उद्घाटन गर्नुहुँदै उहाँले भौगोलिक अवस्थाअनुसार देशको सडक सवारीमैत्री नभएकोले दुर्घटना भइरहेको बताउनुभएको हो ।

उहाँले सडक नियमलाई पालना नगर्नु पनि दुर्घटनाको अर्को कारण भएको बताउनुभयो । उहाँले पद्रदेश सरकारले चाँडै जोखिमयुक्त सडकहरुमा सीसी टिभी जडान र साँकेतिक चिन्हहरु राखेर दुर्घटना न्युनीकरणका लागि काम गर्ने बताउनुभयो। यसका लागि कार्यविधिसमेत बनिसकेको उहाँले बताउनुभयो । अहिले मृत्युको प्रमुख कारण नै सवारी दुर्घटना भएको उहाँले बताउनुभयो। यसको मुख्य कारण ट्राफिक नियमको पालना नगर्नु रहेको बताउनुहुँदै नियमितरुपमा सवारी साधनको प्राविधिक जाँच गर्नुपर्ने बताउनुभयो । उहाँले ट्राफिक उपकरण खरिदका लागि प्रक्रिया अगाडि बढाउन सरकारले अनुमति दिइसकेको जानकारी दिनुभयो ।

अहिले कतिपय अवस्थामा नबुझेर र कसैले भने बुझेरै ट्राफिक नियमको उल्लंघन गरिरहेको उहाँको भनाई छ । नागरिकले ट्राफिकका लागि नभई आफ्ना लागि नियमको गम्भीरतापूर्वक पालना गर्न मन्त्री श्रेष्ठले आग्रह गर्नुभयो । प्रदेश सरकारले सडक सचेतना सम्बन्धी जनचेतनामूलक कार्यक्रम अगाडि बढाउन सहयोग गर्ने उहाँले बताउनुभएको छ ।

यस्तै बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाका प्रमुख प्रहरी नायव महानिरीक्षक विष्णु कुमार केसीले सडकमा हुने दुर्घटना कम गर्न सबैको भूमिका उत्तिकै रहने बताउनुभएको छ । उहाँले ट्राफिक प्रहरीलाई समयअनुसारको प्रविधिमा जोड्दै अगाडि लैजान आवश्यक रहेको बताउनुभयो। बागमती प्रदेशको उपत्यकाका तीन जिल्ला बाहेक अन्य १० जिल्लामा चालु आर्थिक वर्षका पौष मसान्तसम्म १ हजार ९ सय ९४ सवारी दुर्घटना हुँदा १ सय ६६ जनाको मृत्यु भएको छ। जसमध्ये मकवानपुरका २३ जना रहेका छन् । ट्राफिक सप्ताह आगामी फागुन २ गतेसम्म चल्नेछ । कार्यक्रममा बागमती प्रदेशका श्रम तथा यातायातमन्त्री लक्ष्मण लम्साल र मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्य बहादुर सेडाई लगायतको आतिथ्य रहेको थियो ।







## सम्पादकीय

# सबै विद्यालयमा नर्स आवश्यक

सामुदायिक विद्यालयमा नर्सको व्यवस्था हुन थालेको करिब करिब ५ वर्ष भएको छ । बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ बाट नमुनाको रुपमा "एक विद्यालय: एक नर्स" कार्यक्रम सुरु गरेको हो । सुरुको वर्ष प्रदेशका २० वटा विद्यालयमा नर्सको व्यवस्था गरी यो कार्यक्रम सुरु गरेको थियो । प्रदेश सरकारका सिमित सफल कार्यक्रममध्ये यो एउटा हो । नमुनाका रुपमा सुरु गरिएको कार्यक्रम प्रभावकारी भएपछि बागमती प्रदेश सरकारले वर्षेनि यसलाई विस्तार गरिरहेको छ । दोस्रो वर्ष थप एक सय एक विद्यालयमा विद्यालय नर्सको व्यवस्था गरेको प्रदेश सरकारले तेस्रो वर्ष थप २ सय ३७ विद्यालयमा यो कार्यक्रम विस्तार गरेको थियो । प्रदेशका १३ जिल्लाका एक सय १९ वटै स्थानीय तहमा समानुपातिकरुपमा विद्यालय नर्सको दरबन्दी कायम गरी प्रदेश सरकारले स्टाफ नर्स नियुक्ति गर्दै आएको छ ।

देशमा अझै पर्याप्त स्वास्थ्य सुविधा छैन । ग्रामीण क्षेत्रमा स्वास्थ्य सुविधाको न्यून पहुँचकै कारण कयौं बालबालिका विभिन्न स्वास्थ्य समस्याबाट ग्रस्त छन् । विद्यालय आउने बालबालिकामा स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी विभिन्न समस्या देखिने गरेको छ । यसले विद्यालयमा विद्यार्थीको नियमिततामा असर परिरहेको छ भने बालबालिकाको सिकाई स्तर कमजोर बनिरहेको छ । यस्तो परिस्थितिमा विद्यालय नर्स बालबालिका, अभिभावक, शिक्षक, विद्यालय सबैका लागि सहयोगी बन्ने गरेको छ । विद्यार्थीको स्वास्थ्य, सरसफाई र पोषणसम्बन्धी व्यवहार परिवर्तनका लागि विद्यालय नर्सको भूमिका महत्वपूर्ण देखिएको छ । विद्यालयका साना बालबालिकादेखि अभिभावकसम्म जोडिएर विद्यालय नर्सले काम गरिरहेका छन् । विद्यालयमा विद्यार्थीको प्राथमिक उपचार, परामर्श, प्रेषण सेवा, विशेष आवश्यकताको सेवा र समसामयिक विषयका स्वास्थ्य सेवा दिई व्यवहारमा परिवर्तन गरी स्वास्थ्यमा सुधार ल्याउन विद्यालय नर्सले महत्वपूर्ण सहयोग पुऱ्याइरहेको पाइन्छ ।

किशोरकिशोरीको स्वास्थ्यमा सुधार र पोषणसम्बन्धी समस्याको समाधान र रोकथामका लागि सरकारले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । दिवा खाजा कार्यक्रम, आइरन/फोलिक एसिड चक्की वितरण कार्यक्रम, जुकाको औषधी वितरण कार्यक्रम, महिनाबारी भएका छात्राका लागि सेनेटरी प्याड वितरण कार्यक्रमजस्ता अनेकौं कार्यक्रमको सफल कार्यान्वयनका लागि पनि विद्यालय नर्सको भूमिका महत्वपूर्ण बनिरहेको छ । विद्यालयका शिक्षकहरु विद्यार्थीको शिक्षण सिकाई क्रियाकलापमा केन्द्रित हुनुपर्ने भएका कारण सरकारले सञ्चालनमा ल्याएका स्वास्थ्यसम्बन्धी कार्यक्रममा पर्याप्त ध्यान दिन पाउँदैनन् । शिक्षकहरुलाई स्वास्थ्यसम्बन्धी विषयगत ज्ञान नहुने भएका कारण विद्यालयमा विद्यार्थी बिरामी हुँदा के गर्ने भन्ने समस्या पर्ने गरेको छ । विद्यालय नर्स भएको अवस्थामा कम्तिमा त्यस्ता विद्यार्थीको सामान्य स्वास्थ्य जाँच, हेरचाह र आवश्यकताअनुसार अस्पताल लैजानसमेत सहज बनिरहेको छ ।

विद्यार्थी, शिक्षक, अभिभावक सबैलाई प्रत्यक्षरुपमा लाभ पुग्ने विद्यालय नर्स सबै विद्यालयमा आवश्यक छ । विद्यालयमा शिक्षक, कर्मचारीजस्तै नर्सको व्यवस्थाले पठनपाठनलाई सहज बनाउन सहयोग पुग्दछ । विद्यालय नर्सको व्यवस्थापनमा प्रदेश सरकारसँगै संघीय सरकार र स्थानीय सरकारले पनि हातेमालो गर्नु आवश्यक देखिन्छ । विद्यालय समयभित्र विद्यार्थीलाई स्वास्थ्य शिक्षा तथा परामर्श प्रदान गर्नुका साथै आइपर्ने प्राथमिक उपचार र अन्य स्वास्थ्यसम्बन्धी आइपरेका कार्य गर्ने नर्सको व्यवस्था सबै विद्यालयमा हुनुपर्छ । बागमती प्रदेश सरकारले सुरुवात गरेको विद्यालय नर्स प्रभावकारी भएपछि अन्य प्रदेशले पनि यसलाई कार्यान्वयनमा ल्याएका छन् । प्रदेश सरकारको सफल कार्यक्रमको रुपमा मानिएको विद्यालय नर्स कम्तिमा प्रदेशका सबै माध्यमिक विद्यालयमा विस्तार गर्न प्रदेश सरकारले आवश्यक व्यवस्था गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार–व्यवसायमा साना तिना समस्याहरु आइपर्लान् ।
**वृष** : शरीरमा आलस्यता बढ्न सक्ने समयको योग छ ।
**मिथुन** : शिक्षा दिक्षाका क्षेत्रमा लागी परिने समय छ ।
**कर्कट** : रिस र आवेगलाई रोक्नुपर्ने समयको योग छ ।
**सिंह** : लेखाइ–पढाइ ठिकै रहने समयको योग छ ।
**कन्या** : व्यापार व्यवसायका कामहरु मध्यमकारक रहलान् ।
**तुला** : यात्रा योग र भेटघाटमा रमाइने समय छ ।
**वृश्चिक** : आशा मारेको सम्पति पुन: फिर्ता आउनसक्छ ।
**धनु** : व्यापार–व्यवसाय मध्यमकारक समयको योग छ ।
**मकर** : सामाजिक तथा धार्मिक काममा सरिक भइनेछ ।
**कुम्भ** : परोपकारी र सामाजिक काममा सरिक भइने छ ।
**मीन** : नयाँ रोजगारी र व्यवसायमा मन जाने समय छ ।

# अस्वाभाविक अनौपचारिक अर्थतन्त्र

✍धर्मराज भट्टराई

कुनै पनि मुलुकको अर्थतन्त्रको आकार तथा आर्थिक अवस्थाको मूल्यांकन गर्दा उक्त मुलुकभित्र सञ्चालित औपचारिक आर्थिक गतिविधिलाई मात्र समावेश गर्ने प्रचलन छ। यस्ता आर्थिक क्रियाकलापहरू कानुनी दायरामा समेटिनुका साथै व्यवस्थित अभिलेखसमेत राखिने भएकाले मुलुकको अर्थतन्त्रको अवस्थालाई प्रतिविम्बित गर्ने गर्छन् । औपचारिकबाहेक धेरै यस्ता आर्थिक क्रियाकलाप पनि हुन्छन्, जसको कुनै आधिकारिक गणना गरिँदैन तथा यसलाई राष्ट्रिय अर्थतन्त्रमा समेत समावेश गरिँदैन।



यस्ता आर्थिक क्रियाकलाप अनौपचारिक हुन्छन् र यिनीहरूले निर्माण गरेको अर्थतन्त्रलाई अनौपचारिक अर्थतन्त्रले चिनिन्छ। यी क्रियाकलापहरू अनौपचारिक हुनुका पछाडि विभिन्न कारण हुन सक्छन् । कतिपय यस्ता क्रियाकलाप गैरकानुनी हुन सक्छन् । कतिपय सम्बन्धित निकायमा दर्ता नभई सञ्चालित व्यवसाय वा कारोबार, कर छली वा अन्य यस्तै अवैधानिक रूपले आय आर्जन गरिरहेका हुन सक्छन्। यस किसिमको अर्थतन्त्रबाट राज्यले प्रत्यक्ष लाभ लिन सकिरहेको हुँदैन।

यसैगरी यस्ता गतिविधि राज्यको निगरानीबाट टाढा रहने हुँदा मुलुकभित्र अवैध क्रियाकलाप मौलाउने सम्भावना बढ्दै जान्छ । यस्तो अनौपचारिक अर्थतन्त्रको आकार बढ्दै गएको खण्डमा मुलुकले विभिन्न आर्थिक तथा सामाजिक समस्याको सामना गर्नुपर्ने हुन सक्छ । विश्वका धेरैजसो विकासोन्मुख मुलुकमा अनौपचारिक अर्थतन्त्रको हिस्सा अन्य विकसित मुलुकको तुलनामा ज्यादा हुने गरेको देखिएको छ। वर्ल्ड इकोनोमीको एक अध्ययनले अफगानिस्तान, जिम्बावे, नाइजेरिया, हाइटी, बोलिभिया, पानामाजस्ता मुलुकहरूमा अर्थतन्त्रको आधाभन्दा बढी हिस्सा अनौपचारिक रहेको बताएको छ।

यता नेपालमा समेत अनौपचारिक अर्थतन्त्रको आकार करिब ४२ प्रतिशत रहेको भर्खरै सार्वजनिक एक अध्ययनले देखाएको छ । नेपाल राष्ट्र बैंकसँगको सहयोगमा त्रिभुवन विश्वविद्यालयको केन्द्रीय अर्थशास्त्र विभागले गरेको अध्ययनले सन् नेपालको अनौपचारिक अर्थतन्त्रको आकार ४१.३१ प्रतिशत रहेको जनाएको छ । विभागले राष्ट्रिय लेखा र मुद्रा माग दृष्टिकोण प्रयोग गरेर नेपालमा अनौपचारिक अर्थतन्त्रको सम्भावित दायरा समेटिएको अध्ययन प्रतिवेदन सार्वजनिक गरेको थियो । राष्ट्रिय लेखा विधिअनुसार आव २०१०-११ देखि २०२०-२१ सम्म अनौपचारिक अर्थतन्त्रको औसत आकार ४२.६६ प्रतिशत रहेको जनाएको छ।

यसैगरी मुद्रा मागविधिद्वारा गरिएको अध्ययअनअनुसार सोही अवधिको नेपालको अनौपचारिक अर्थतन्त्रको आकार औसत ४०.६० प्रतिशत रहेको देखाएको छ । क्षेत्रगत रूपमा हेर्दा नेपालमा घरजग्गा र कृषिक्षेत्रमा सबैभन्दा धेरै अनौपचारिक अर्थतन्त्रको हिस्सा रहेको विभागको प्रतिवेदनले देखिएको छ। तथ्यांकअनुसार घरजग्गामा ९९.९७ र कृषि, वन तथा मत्स्यपालनमा ९६.४८ प्रतिशत अनौपचारिक अर्थतन्त्रको हिस्सा देखिएको छ । यो पछिल्लो १० वर्षको औसतका आधारमा देखिएको हो।

घरजग्गाअन्तर्गत अचल सम्पत्ति एवम् आवास सेवा उपभोग र घरजग्गा कारोबार क्षेत्रअन्तर्गत स्वामित्व वा भाडामा दिइएको सम्पत्ति, शुल्क वा सम्झौता अचल सम्पत्तिका गतिविधि, घरपरिवारले आफ्नो आवासमा बसेर प्राप्त गरेका सेवा अध्ययनमा समावेश गरिएको छ । यस क्षेत्रको प्रकृतिका कारण अधिकांश हिस्सा घरपरिवारले आफ्नो आवासमा बसेर प्राप्त गरेका सेवा पर्छन् । जग्गा कारोबार वा सम्पत्ति अवमूल्यनबाट हुने कर छलीको मात्रा तथा जग्गा खरिद सम्पत्ति लुकाउने कार्यहरुलाई समेत यो अध्ययनमा अनौपचारिक अर्थतन्त्रमा गणना गरिएको छ।

विशेष गरी घरजग्गा उपभोगले सेवा क्षेत्रको मागलाई सम्बोधन गर्ने भए पनि राष्ट्रिय गणनामा यसलाई समावेश नगरिएका कारण अनौपचारिक क्षेत्रअन्तर्गत राखिएको देखिन्छ । व्यवसायीकरण र आधुनिकीकरणको अभावले नेपालको कृषिक्षेत्र अझै पनि निर्वाहमुखी खेती प्रणालीमा आधारित छ । उत्पादनको अधिकांश अंश घरायसी प्रयोजनमा उपभोग हुने भएकाले यसको अभिलेख राखिँदैन। यसै कारण मुलुकको राष्ट्रिय आयको गणनामा समेत यसलाई समावेश गर्न नसकिएको देखिन्छ।

साना किसानहरूले उत्पादन गरेका कृषिजन्य वस्तुहरू उत्पादनको हिस्सा भए पनि बजार मूल्यमा गणना नगरिने भएकाले यसलाई समेत अनौपचारिक आर्थिक क्रियाकलापका रूपमा समावेश गरिएको देखिन्छ। व्यक्ति आफैंका लागि रोजगारी र आय सिर्जना गर्न, आफैंका लागि वस्तु तथा सेवा उत्पादन गर्न र उपभोग गर्न, तिनमा प्रयोग भएका उत्पादनका साधन जसमा श्रम र पुंजीबीचको स्पष्ट भिन्नता देखाउन जटिल भएका कारण यी क्रियाकलापहरू अनौपचारिक बन्न पुगेको प्रतिवेदनमा उल्लेख छ।

यसैगरी अनौपचारिक अर्थतन्त्रको तेस्रो ठूलो हिस्सा भोजन तथा आवासमा देखिएको छ। यस क्षेत्रमा ५०.४२ प्रतिशत क्रियाकलाप अनौपचारिक भएको जनाइएको छ । यसरी आधा हिस्सा अनौपचारिक अर्थतन्त्रमा गणना गर्नुको कारण घरपरिवारद्वारा सञ्चालित होटल, लज तथा चिया पसलजस्ता व्यवसायमध्ये धेरै मात्रामा सरकारी संस्थामा दर्ता भएका छैनन्। त्यसैले यसको अनौपचारिक आकार ठूलो भएको प्रतिवेदनमा उल्लेख छ।

यस क्षेत्रमा रेस्टुरेन्ट, क्याफ्टेरिया, फास्ट फुड रेस्टुरेन्ट, बार, कफी हाउस, चिया पसल, ठेलामा म:म, पानीपुरी बेच्ने सबैजसो व्यवसायहरू पर्ने गरेका छन् । यस्तै ३३.६९ प्रतिशत अनौपचारिक हिस्सा बोकेको कला तथा मनोरञ्जन क्षेत्र चौथो ठूलो क्षेत्र बनेको छ । उद्योग, निर्माण, विद्युत् तथा ग्याँस, व्यापार, प्रशासनिक सहयोगी क्रियाकलाप, खानी तथा उत्खनन, पेसागत क्रियाकलाप र पानी तथा सरसफाइ क्षेत्रमा अनौपचारिक अर्थतन्त्रको हिस्सा क्रमश: १६.३६, १६.२६, १४.९९, १४.८७, ८.६६, ४.९५, ३.१० र २.१४ प्रतिशत रहेको छ।

यसबाहेक अन्य क्षेत्रमा १ प्रतिशतभन्दा कम हिस्सा देखिएको प्रतिवेदनमा उल्लेख छ । अहिलेको अध्ययनबाहेक केही समयअघि सार्वजनिक भएको नेपाल श्रमशक्ति सर्वेक्षण-२०१७ अनुसार नेपालमा अनौपचारिक क्षेत्रमा ६२.२ प्रतिशत जनशक्ति कार्यरत रहेको जनाएको थियो। यसैगरी राष्ट्रिय आर्थिक जनगणना-२०१८ ले निजी क्षेत्रमा रहेका कुल प्रतिष्ठानमध्ये ४९.९ प्रतिशत सम्बन्धित निकायमा दर्ता नै नभई सञ्चालनमा रहेका भनी प्रतिवेदन सार्वजनिक गरेको थियो।

सामान्य बुझाइमा अनौपचारिक अर्थतन्त्र भन्नाले अवैध तथा गैरकानुनी क्रियाकलाप मात्र लिने गरिएको पाइन्छ। धेरैले यसलाई कालो अर्थतन्त्र, भूमिगत अर्थतन्त्र, छाया अर्थतन्त्र वा समानान्तर अर्थतन्त्र भनेर पनि बुझ्ने गरेका छन् । तर यो मात्रै अनौपचारिक अर्थतन्त्र भनेर बुझ्नु भने गलत हुन जान्छ । अनौपचारिक अर्थतन्त्र भन्नाले ती सबै आर्थिक क्रियाकलाप पर्छन्, जुन सरकार वा यसका निकायहरूसँग प्रत्यक्ष सम्पर्कमा हुँदैनन् अर्थात् कानुनी रूपमा दर्ता भएका हुँदैनन् । यस्ता क्रियाकलाप सबै हानिकारक हुन्छन् भन्ने पनि हुँदैन।

यी क्रियाकलापहरूले मुलुकको अर्थतन्त्रमा टेवासमेत पुर्याइरहेका हुन्छन् । विश्वमा कुनै पनि मुलुक अनौपचारिक अर्थतन्त्रबाट अछुतो रहेको छैन । फरक यति मात्र हो कि कुनैमा धेरै छ, कुनैमा कम । स्विजरल्यान्ड, क्यानडा, लक्समबर्गजस्ता विकसित मुलुकहरूमा अनौपचारिक अर्थतन्त्रको आकार १० प्रतिशतभन्दा कम देखिएको छ भने अन्य विकासशील तथा विकासोन्मुख मुलुकहरूमा अर्थतन्त्रको आधाभन्दा बढी हिस्सा अनौपचारिक रहेको पाइन्छ । संसारमै औसतमा ३३ प्रतिशत अर्थतन्त्र अनौपचारिक हुने गरेको विभिन्न अध्ययनले देखाएका छन् । अब प्रश्न उठ्छ, कति प्रतिशत अनौपचारिक अर्थतन्त्रलाई सामान्य मान्न सकिन्छ ?

अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) का अनुसार कुनै पनि मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब ३० प्रतिशतसम्मको अनौपचारिक अर्थतन्त्रलाई सामान्य मान्न सकिने बताइएको छ । योभन्दा माथि यस्तो अर्थतन्त्र फैलिनु मुलुकका लागि जोखिमयुक्त हुने उसको ठहर छ । यसलाई आधार मान्ने हो भने पछिल्लो अध्ययनले देखाएको नेपालको अनौपचारिक अर्थतन्त्रको आकारलाई समेत अस्वाभाविक मान्न सकिन्छ। अस्थिर सरकार, अस्थिर नीति र बेलाबखत सरकारले लगाउने प्रतिबन्धका कारण नेपालमा अनौपचारिक

....बाँकी पृष्ठ ३ मा

# आखिर किन खाली हुँदै छ मेरो गाउँ ?



✍मिम प्रसाद ढकाल (संघर्ष)

मेरो गाउँ, जहाँ जन्मे हुर्केर कखरा सकियो, विडम्बना माटोसँग लडिबुडी गरेको त्यस्तो सुन्दर भूमि अहिले खाली हुँदै गइरहेको छ । अहिले रोजगारको सिलसिलामा होस् या आधुनिकतालाई अँगाल्नेहरुका कारण नै किन नहोस् प्रतिदिन मेरो घर वरिपरिका युवा जमातहरु स्वदेश तथा विदेशी भूमिमा पलायन हुँदै छन्। सुन्छु पल्ला घरे माइला वा र माथिल्ला घरे ठुला बाको छोरा पनि विदेश जान्छु भन्दैछन् रे । यदि ती दुई भाइहरू विदेश पलायन हुँदा घरमा त केवल ती बुढा बा आमाहरू मात्र रहन्छन् जो कि उहाँहरू धारामा पानी भर्न लाइन बस्न पनि नसक्ने अवस्थामा हुनुहुन्छ । यति मात्र कहाँ हो र ? मेरो गाउँ जहाँ अहिले पनि दाउरामा खाना पकाउनु पर्छ र ग्यासको सुविधा छैन । ती बिचरा बूढाबूढीहरू कसरी जंगलबाट दाउरा ल्याएर काँचोलाई पाको बनाएर जीवन निर्वाह गर्लान् ? अचम्म त के भने गाउँका ससाना ४/५ कक्षा पढ्ने भाइ बहिनीहरुले पनि स्कुलबाट फर्किदा बाटोमा कुरा गर`को मैले सुन्दा अनौठो लाग्यो । अब पढेर काम छैन विदेश जानू पर्छ पो भन्थे । आखिर के छ विदेशमा ? विकल्प नभएको हो कि विकल्प हुँदा हुँदै पनि हामीले कार्यान्वयन गर्न नसकेको हो, यो प्रश्न अनुत्तरित छ ।

यतिमात्र होइन हिजो कुनै दिन पानी लिन धारामा जाँदा लाइन बसेर पानी भर्नु पर्ने गाउँका अधिकांश धाराहरु बँझिएर रहेका छन्। धाराहरु मात्र होइन, गाउँमा अधिकांश घरहरुमा नेपाल सरकारको वृद्ध भत्ता खाने बुढाबुढी र बाल पोषण भत्ता खाने ससाना बाबुनानीहरु मात्र देख्छु । कसैको घरका तालामा खिया लागिसकेका छन्। के ती खिया लागेका तालाहरु भोलि चाबी प्रयोग गरेर पुन प्रयोगमा आउँछन् वा प्रयोगमा ल्याउनको लागि हामी फेरि पुरानै गाउँ फर्केर आउँछौँ त ?

कुनै वेला यस्तो पनि थियो गाउँमा केही कार्यक्रम छ या कुनै राजनीतिक दलको मान्छे अथवा कोही ठुलो मान्छे आउँदै हुनुहुन्छ भन्ने थाहा पाएपछि स्वागत-सम्मानका लागि लाइन लाग्थ्यो । तर मञ्च तथा स्वागतको लागि तयारी गर्ने र हुने त्यो मेरो युवा जमात अहिले छैन। कहाँ होला भन्दै गर्दा कोही स्वदेश भित्रै त कोही खाडी मुलुकतिर रोजगारको सिलसिलामा भौँतारिरहेको सुन्छु । के ती दिनहरू फेरि पुरानो अवस्थामा फर्केर आउलान् त ? के केवल सम्झना मात्रै रहलान् ? खै के भनूँ कुनै निर्वाचन आउँदा मसँगै प्रचार प्रसार गर्न झण्डा बोकेर हिँड्ने त्यो युवा शक्ति फेरि त्यसरी एक पटक गोलबद्ध र लामबद्ध हुन सक्ला त ?

मैले देखेको मेरो गाउँ हिजो के थियो आज के हुँदै छ भन्ने कुरा हाम्रो समाज र ती बाझिएका घरहरूमा खिया लागिसकेका तालाहरूले देखाइसकेका छन्। हुन त समय जति परिवर्तनशील छ मानिस पनि त्यतिकै परिवर्तन र विकास प्रेमी हुन चाहन्छ । यो सबै समयको खेल न हो अब समय र हामी एक अर्कामा समर्पित हुन हुन जरुरी छ । देशको राजनीति सांस्कृतिक तथा आर्थिक अवस्थालाई सुधार गर्नका लागि हाम्रो देशको संविधानको मर्म अनुरूप देशमा आर्थिक उत्पादनका साथै रोजगारी सिर्जना गरिनुपर्छ। अनि मात्र हाम्रा गाउँ घरहरु पुन भरिनेछन् जस्तो लाग्छ।

हाम्रो गाउँ समाजलाई परिवर्तन र विकासशील बनाउनको लागि विदेश पलाएन मात्र नभई आफ्नै देशमा केही गर्ने हुटहुटीका साथ युवाहरू लागि लाग्नुपर्छ। त्यसपछि गाउँ घर मात्र नभई सिङ्गो देशलाई पनि आर्थिक हिसाबले परिवर्तन गर्न सकिन्छ।

*(तिल गुफा नगरपालिका वडा नं. ९, कालिकोट/स्रोत: रातोपाटी)*

# मन्त्री चित्रकारद्वारा बकैया औद्योगिक ग्राम अवलोकन

समाज संवाददाता

बकैयाः बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकारले बकैयामा निर्माणाधीन औद्योगिक ग्रामको अवलोकन गर्नुभएको छ। बिहीबार मन्त्री चित्रकारले बकैया-७ मा निर्माणाधीन अवस्था रहेको कृषि उद्योगको अवलोकन गर्नुभएको हो।

अवलोकनपश्चात् मन्त्री चित्रकारले औद्योगिक ग्रामले कृषि प्रवर्द्धन गर्न सहयोग पुग्ने धारणा राख्नुभयो। थोरै स्थानीय तहले मात्रै उद्योग सञ्चालनमा जोड दिएकोले आफूले पनि सकेको सहयोग गर्ने बताउनुभयो। उहाँले आगामी आर्थिक वर्षमा उद्योग ग्राम निर्माणको लागि बजेट विनियोजन गर्ने आश्वासन दिनुभयो। उहाँले प्राकृतिक स्रोत साधन उपयोग गर्न सबै डराएको बताउनुभएको छ। उहाँले कानुन बलियो नहुँदा कार्मचारी र प्रतिनिधिले प्राकृतिक स्रोतसाधन उपयोग गर्न डराएको बताउनुभयो।

देश संघीयतामा गएता पनि ऐन कानुन निर्माण हुन नसक्दा काम गर्न असहज भएको उहाँले धारणा राख्नुभयो। अन्य विकसित देशहरु प्राकृतिक स्रोत साधनको परिचालन गरेर विकास भएको बताउँदै प्राकृतिक स्रोत उपभोगका लागि आवश्यक रहेकोमा जोड दिनुभयो। संघीय, प्रदेश र स्थानीय सरकारले पछिल्लो सयम पूर्वाधार विकासलाई मात्रै विकास मान्ने मनोभावले गर्दा देशमा विकासले गति लिन नसकेको बताउँदै उहाँले भन्नुभयो, 'विकासको जग बलियो बनाउन नागरिक सक्षम हुन जरुरी छ। जनतालाई रोजगारी सिर्जना गर्न सके विकास सुनिश्चित छ। दिगो विकास हुन उद्यमशीलता आवश्यक छ, जसले युवालाई पलायन हुनबाट रोक्छ। सरकारले उद्योगमा लगानी गर्न आवश्यक छ।'

मन्त्री चित्रकारले प्रहदेश सरकार स्थानीय सरकारसँग सहकार्य गर्न तयार रहेकोसमेत बताउनुभयो। प्रदेश सरकारसँग स्रोत साधन पर्याप्त नभएको बताउँदै सबै मन्त्रालयभन्दा आफ्नो मन्त्रालय कमजोर भएकाले आगामी आर्थिक वर्षमा उच्च स्थानमा रहेर काम गर्ने उद्देश्यले आफू लागिपरेको उहाँको भनाइ छ। आफूले भूमिबैंक नीति निर्माणमा लगेको र अन्तिम चरणमा रहेको बताउनुभयो। आफू मन्त्री भएपश्चात् हेटौंडा कपडा उद्योगमा चासो देखाई केन्द्रमा लविङ गरेकोसमेत उहाँले जानकारी दिनुभयो। उद्योग सञ्चालन केन्द्रीय सरकार मातहत भएकाले सबै सरकारसँग सहकार्य गर्न आवश्यक रहेको बताउनुभयो।

कार्यक्रममा गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले गाउँपालिका मल कारखाना, दाना उद्योग, साइलेज उद्योग निर्माणको चरणमा रहेको बताउनुभयो। पालिकाले कृषिलाई प्रबर्द्धन गर्न, कृषकलाई प्रोत्साहन गर्न र रोजगारी सिर्जनाबाट युवालाई वैदेशिक पलायन हुनबाट रोक्न उद्योग ग्राम निर्माणमा जोड दिएको उहाँको भनाइ छ। स्थानीय सरकारले किसानलाई प्रोत्साहनस्वरुप १४ लाख रुपैयाँ बराबरको बहुवर्षीय घाँसको विरुवा उपलब्ध गराएको बताउनुभयो।

स्थानीय सरकारले गरिब, एकल महिलालाई लक्षित गरी तालिम प्रदान गरेर एक सय मौरीको घार वितरण गर्न लागेको बताउनुभयो। बाख्रा पकेट क्षेत्रमा लागत साझेदारीमा आधुनिक बाख्रा फार्म सञ्चालनका लागि वडा नम्बर १, २, ६ र ८ मा सहयोग गरेको अध्यक्ष लामिछानेले जानकारी दिनुभयो। कृषकहरुलाई मागको आधारमा साना सिंचाई कार्यक्रम सञ्चालन तथा कृषियन्त्र वितरण गरेको बताउनुभयो। उहाँले कृषकलाई फलफूल पकेट क्षेत्रमा फलफूलको विरुवा वितरण र घाँसखेती प्रवर्द्धनका लागि अनुदान वितरण गरेको जानकारी गराउनुभयो।

गाउँपालिका अध्यक्ष लामिछानेले जनशक्तिको अभाव र बजेटमा आन्तरिक स्रोतको हिस्सा बढाउन चुनौतीपूर्ण रहेको जानकारी दिनुभयो। नदीजन्य पदार्थको स्टक हालसम्म जिल्ला समन्वय समितिले प्रमाणित नगर्दा राजश्वमा प्रत्यक्ष असर परेको उहाँको भनाइ छ। भौगोलिक विकटता र छरिएको बस्तीका कारण भौतिक पूर्वाधारको विकासमा समस्या भई सेवा प्रवाह प्रभावकारी हुन नसकेको बताउनुभयो। नागरिक चेतनाको कमीले विकासको बुझाईमा एकरुपता कायम गर्न र सिमित स्रोत साधनका बिच नागरिकको बढ्दो महत्वकांक्षा पूरा गर्न पालिकालाई चुनौती भएको उहाँले बताउनुभयो।

अध्यक्ष लामिछानेले प्रदेश सरकारले कृषिजन्य उद्योग तथा उद्यमशीलता विकासका लागि आवश्यक स्रोतको व्यवस्था गर्नुपर्ने माग गर्नुभयो। स्थानीय तहको मुख्य राजस्वको स्रोतको रुपमा रहेको नदीजन्य पदार्थसम्बन्धी कानुनी स्पष्टता तथा मार्गदर्शनका लागि आवश्यक समन्वय तथा पहल गरिदिनुपर्नेमा जोड दिनुभयो।

गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले सरकारले स्रोत साधनको विकास गर्न आवश्यक रहेको बताउँदै भौतिकमात्र नभई जनताको आवश्यकताको आधारमा विकास गर्नुपर्नेमा जोड दिनुभयो। गरिबी न्यूनीकरणका लागि पालिका लागिपर्नेमा उहाँले जोड दिनुभयो। ३२ सालमा नापी भएको जग्गाको लालपुर्जा मानिसले नपाएकाले जनताले भू-स्वमित्व नपाएको बताउनुभयो।


## मकवानपुर बाल विद्या सदन

हेटौंडा-१८, खड्कुले

श्री अभिभावक ज्यू,

विविध साँस्कृतिक कार्यक्रम तथा कला एवम् पुस्तक प्रदर्शनीसहित सम्पन्न हुन गइरहेको यस विद्यालयको १७ औं वार्षिक अभिभावक दिवसका अवसरमा उपस्थित भई नानीबाबुहरुको हौसला बढाइदिनुहुन हार्दिक आमन्त्रण गर्दछौं।

**कार्यक्रमः**

मितिः २०८० माघ २६ गते, शुक्रबार
समयः बिहान १०:३० बजे
स्थानः विद्यालयको प्राङ्गण


# मोतिबिन्दुका २ सय ५० बिरामीको सफल शल्यक्रिया

समाज संवाददाता

हेटौंडाः बिभिन्न स्थानमा भएको निःशुल्क आँखा परीक्षण शिविरबाट पहिचान भएका २ सय ५० जना मोतिबिन्दुका बिरामीको शल्यक्रिया गरिएको छ। लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक्ट ३२५-एस नेपाल र हिमालयन कन्ट्र्याक प्रोजेक्टको संयुक्त आयोजना तथा हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा शिविर र शल्यक्रिया गरिएको हो।

शल्यक्रिया गरिएको मध्ये १ सय ८ जना बिरामीहरु बिहीबार डिस्चार्ज भएका छन्। डिस्चार्ज भएका सबै बिरामीहरुको स्वास्थ्यलाभको कामना गर्दै हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाले लायन्स क्लबहरुले गरेका सामाजिक कार्यहरुको प्रशंसा गर्नुभयो। बाँकी १ सय ४२ जना मोतिबिन्दुका बिरामीहरुको बिहीबार शल्यक्रिया भएको लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक्ट ३२५-एस नेपाल, एरिया २ का एरिया चिफ जेपी यादबले बताउनुभयो। बिहीबार शल्यक्रिया भएका सबै बिरामीहरुलाई शुक्रबार डिस्चार्ज गरिने हेटौंडा सामुदायिक आँखा अस्पतालले जनाएको छ।

मोतिबिन्दुको शल्यक्रिया भएपछि आँखा प्रष्ट देखिएको सिमराकी ६९ बर्षीया सोनादेवीले बताउनुभयो। आँखा उपचारका लागि अस्पताल जान सक्ने अवस्था नहुँदा घर नजिकै शिविर चलाई निःशुल्क उपचार गरिदिएकोमा शिविर सञ्चालन गर्ने संस्थाहरुलाई उहाँले धन्यवाद दिनुभयो।

लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक्ट ३२५-एस नेपाल, एरिया २ अन्तर्गत् क्रियाशील सम्पूर्ण लायन्स क्लब तथा लियो क्लबहरुको सहकार्यमा माघ २० गतेदेखि २३ गतेसम्म बिभिन्न स्थानमा भएको आँखा परीक्षण शिविरमा १ हजार ६ सय १७ जनाको आँखा परीक्षण गरिएको थियो। आँखा परीक्षण गरिएकामध्ये २ सय ५० जनामा मोतिबिन्दुका बिरामीहरु पहिचान भएका थिए। मोतिबिन्दुका सबै बिरामीहरुलाई हेटौंडा सामुदायिक आँखा अस्पतालमा निःशुल्क शल्यक्रिया गरिएको हो।

लायन्स क्लबको बार्षिक भिजन कार्यक्रमअन्तर्गत् आँखा परीक्षण शिविर सञ्चालन गरिएको मुख्य कार्यक्रम संयोजक हरिबंश भेटवालले बताउनुभयो। स्रोत र साधनको अभावमा मोतिबिन्दुका कारण दृष्टिबिहीन भएकाहरुलाई दृष्टि प्रदान गर्नु कार्यक्रमको उद्देश्य भएको भेटवालले बताउनुभयो। आँखा परीक्षण शिविर मकवानपुर जिल्लाको शिखरकटेरी, पाथीभरा, बुढीचौर, राईगाउ, बागमतीमा भएको थियो। यस्तै, बारा जिल्लाको इन्नरवासिरा, हरिपुर, हल्खोरिया, हरपुर तथा सर्लाही जिल्लाको रामनगरमा आँखा परीक्षण शिविर सञ्चालन गरिएको थियो।

# निःशुल्क योग प्रशिक्षण र स्वास्थ्य शिविर

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-४, कर्रामा निःशुल्क योग प्रशिक्षण र स्वास्थ्य शिविर भइरहेको छ। आनन्दमार्ग प्रचारक संघ, मकवानपुर शाखाको आयोजनामा बुधबारबाट ४ दिने निःशुल्क स्वास्थ्य शिविर सुरु भएको हो।

माघ २४ गतेदखि २८ गतेसम्म पाँच दिवसीय निःशुल्क योग प्रशिक्षण, स्वास्थ्य शिविर तथा त्रि-दिवसीय प्रथम डोयोसिस लेवस सेमिनार आयोजित भएको छ। निःशुल्क स्वास्थ्य परीक्षणमा पेटको समस्या, नशा च्यापिएको, साइटिका दुखाई, पाचनसम्बन्धी समस्या, शरीर दुख्ने, टाउको दुख्ने, क्षारे रोगलगायतका नयाँ तथा पुरानो रोग विशेषक्षद्वारा जाँच गरिनेछ।

त्रि-दिवसीय प्रथम डोयोसिस लेवस सेमिनार माघ २६, २७ र २८ गते हुनेछ। यस्तै, दैनिक ६:३० देखि ८ बजेसम्म निःशुल्क योग शिविर भइरहेको छ। शिविरमा व्यवस्थापन समिति पदाधिकारी, कर्मचारीलगायतका इच्छुक सम्पूर्ण बासिन्दाले सहभागिता जनाउन पाउनेछन्। स्वस्थ जीवन जिउने कला सिकाउने उद्देश्यले कार्यक्रमको आयोजना भएको हो। आमसाइ स्कूलको व्यवस्थापनमा भएको कार्यक्रममा पहिलो दिन १२ जनाले स्वास्थ्य जाँच गराएका थिए।

# कमाने एकेडेमीको अभिभावक दिवस

समाज संवाददाता

हेटौंडाः हेटौंडा-८, कमानेस्थित कमाने एकेडेमीको वार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रम सुरु भएको छ। विद्यालयले बिहिबार र शुक्रबार दुई दिन वार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रम आयोजना गरेको छ।

पहिलो दिन बिहिबार कक्षा ३ सम्मका विद्यार्थीको गायन, नृत्य तथा उद्घोषण कला प्रस्तुतीको कार्यक्रम गरिएको छ भने शुक्रबार ४ कक्षादेखि १० कक्षासम्मका विद्यार्थीको नृत्य, गायन, उद्घोषण तथा नाट्यकला प्रस्तुत गरिने विद्यालयकी प्रिन्सीपल प्रतिभा डंगोलले जानकारी दिनुभयो। कमाने एकेडेमीमा पाँच सय ८० जना विद्यार्थी अध्ययनरत छन्।

# गाडीको ठक्करबाट स्कुटर चालकको मृत्यु

समाज संवाददाता

हेटौँडाः सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका-१०, सुकुटमा गाडीले मोटरसाइकल र स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालकको मृत्यु भएको छ। मृत्यु हुनेमा दोलखा जिल्लाको बैदेश्वर गाउँपालिका-७ बस्ने २० वर्षीय प्रज्वल तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

बुधबार खाडिचौरबाट काठमाडौंतर्फ जाँदै गरेको बा १९ च ९१२३ नम्बरको गाडीले दोलालघाटबाट खाडिचौरतर्फ जाँदै गरेको बा प्र ०२-०२७ प ८५६२ नम्बरको स्कुटर र सोही दिशाबाट आउँदै गरेको बा ४२ प ४१६० नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा ३ जना घाइते भएका थिए। घाइते ३ नै जनालाई उपचारका लागि अस्पताल लगिएकोमा उपचारको क्रममा तामाङको धुलिखेल अस्पतालमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

# स्तन क्यान्सरसम्बन्धी स्वास्थ्य शिविर हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-६, चौघडा न्यूरेनीमा स्तन क्यान्सरसम्बन्धी स्वास्थ्य शिविर हुने भएको छ। आज शुक्रबार जनकल्याण बचत तथा ऋण सहकारी संस्थाको महिला उपसमितिको आयोजनामा निःशुल्क स्तन क्यान्सर सम्बन्धी स्वास्थ्य शिविर हुने समितिकी संयोजक रेखा मैनालीले जानकारी दिनुभयो।

संस्थाकै भवनमा हुने शिविरमा भरतपुर क्यान्सर अस्पतालबाट क्यान्सर विषेशक्ष डा. विश्वराम पौडेल र डा. प्रज्वल थिङ कुँवरले स्वास्थ्य जाँच गर्नुहुनेछ। सहकारीका सदस्य तथा गैर सदस्यले परामर्श तथा जाँच कार्यक्रममा सहभागिता जनाउन पाउनेछन्। संस्थाले सय जनाको स्वास्थ्य परीक्षणको लक्ष्य बनाएको मैनालीले बताउनुभयो। रोगको पहिचान गर्ने र सही सेवा दिने उद्देश्यले कार्यक्रमको आयोजना भएको हो।

## सच्याइएको

माघ २५ गते बिहिबार पहिलो पृष्ठमा प्रकाशित समाचारको शीर्षक "आजदेखि एसईई अभ्यास परीक्षा" हुनुपर्नेमा असावधानीबस अन्यथा भएकोले सच्याइएको छ। **सम्पादक**


**सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं**
रेडियो निकास ९३.४
The Voice of Community


# अस्वभाविक...

अर्थतन्त्र फस्टाएको विज्ञहरुको बुझाइ छ।

अनौपचारिक अर्थतन्त्रमा वृद्धि हुँदै जाँदा एकातिर राज्यको काम-कारबाहीमा बाधा पुर्याउने देखिन्छ भने अर्कातर्फ अनौपचारिक क्षेत्रसमेत राज्यको सेवासुविधाबाट वञ्चित हुने गरेका छन्। यस्ता क्षेत्र राज्यका निकायहरूमा दर्ता भएर हुँदैनन्। यसै कारण यिनीहरूबाट राज्यले प्राप्त गर्नुपर्ने राजस्व गुमाइरहेको छ भने राज्यले प्रदान गरेका अनुदान, तालिम, कर छुटदेखि अन्य सेवा-सुविधाहरु यी क्षेत्रले प्राप्त गर्न सकिरहेका छैनन्। मुलुकका नियामक निकायहरूले तर्जुमा गर्ने योजना तथा कार्यक्रमहरूबाट यी क्षेत्र छुट्ने गरेका छन्।

यसले मुलुकको समग्र आर्थिक तथा सामाजिक विकासमा बाधा पुर्याउने देखिन्छ। राज्यभित्रै सञ्चालनमा रहे पनि राज्यबाट टाढा रहेका यी क्षेत्रको आकारमा भएको वृद्धिले आर्थिक असमानता, गरिबी तथा अनियमिततालाई बढावा दिने सम्भावना देखिन्छ। तसर्थ, अनौपचारिक अर्थतन्त्रको आकार बढ्दा बहुआयामिक असर पर्न सक्ने देखिन्छ। नेपालको अर्थतन्त्रको आकार करिब ५० खर्बको हाराहारीमा रहेको अनुमान गरिएको छ। यसैगरी प्रतिव्यक्ति आम्दानीसमेत करिब १४ सय डलरको हाराहारीमा छ। यदि ३० प्रतिशत अनौपचारिक अर्थतन्त्रलाई सामान्य मान्ने हो भने पनि नेपालमा करिब १२ प्रतिशत ज्यादा यस्तो अर्थतन्त्र देखिन्छ।

बढी देखिएको १२ प्रतिशत मात्र पनि औपचारिक अर्थतन्त्रमा रूपान्तरण गर्न सकिएको खण्डमा अर्थतन्त्रको आकार र प्रतिव्यक्ति आम्दानीमा निकै सुधार आउन सक्ने देखिन्छ। यसले मुलुकको वास्तविक अर्थतन्त्रलाई उजागर गर्नमा सहयोग गर्नेछ। यसैगरी पछिल्लो समय मुलुकले बेहोर्दै आएको वित्तीय असन्तुलनको समस्यालाई समेत यसले केही मात्रामा सम्बोधन गर्न सक्ने देखिन्छ। मुलुकभित्रका आर्थिक गतिविधिलाई व्यवस्थित एवम् मर्यादित बनाउनका लागिसमेत अनौपचारिक अर्थतन्त्रको आकारलाई साँघुरो बनाउनुपर्ने आवश्यकता देखिएको छ। यसका लागि सम्पूर्ण आर्थिक क्रियाकलापलाई सरकारसँग जोड्नु जरुरी छ।

व्यापार-व्यवसाय तथा आय आर्जन हुने आर्थिक क्रियाकलापहरूलाई सरकारी निकायहरूमा अनिवार्य दर्ता गर्ने प्रक्रियाबाट जोड्न सकिन्छ। यसैगरी बीमा कार्यक्रम, अनुदान सहयोग, बैंकिङ प्रणाली, कर प्रणाली, सामाजिक सुरक्षा योजनाजस्ता पक्षहरूसँग जोडेर राज्यसँग उनीहरूको सम्बन्ध स्थापित गर्न सकिन्छ। यसरी सम्बन्ध स्थापित हुँदा सबैजसो आर्थिक क्रियाकलाप राज्यको नियम तथा कानुनको दायरामा समेटिनेछन्। राज्यले प्राप्त गर्नुपर्ने लाभ र अनौपचारिक क्षेत्रले प्राप्त गर्ने सेवासुविधामा तालमेल हुन सक्ने अवस्थाको सिर्जना हुन सक्छ। यसले मुलुकको समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्न सक्छ। *(स्रोतः कारोबारदैनिक)*

# २२ जनाद्वारा रक्तदान

समाज संवाददाता

हेटौंडाः हेटौंडा औद्योगिक क्षेत्रमा बिहीबार २२ जनाले रक्तदान गरेका छन्। आर्य.सी नेपाल प्रालिको आयोजनामा रक्तदान कार्यक्रम भएको रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभएको हो। रक्तदान कार्यक्रमा २२ जनाले रक्तदान गरेका थिए। आर्य. सी नेपाल प्रालि हेटौंडाले प्रत्येक वर्ष रक्तदान कार्यक्रम गरिरहेको प्राविधिक सापकोटाले जानकारी दिनुभयो।


## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

### बागमतीलाई हराउँदै एपीएफ फाइनलमा

# उपाधिका लागि एनआरटीसँग भिड्ने




*एपीएफका अनिष महर्जन म्यान अफ द म्याचको ट्रफी र नगद रकम हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः सशस्त्र प्रहरीको एपीएफ फुटबल टिम हेटौँडामा जारी छैठौँ संस्करणको मकवानपुर गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । बिहिबार भएको दोस्रो सेमीफाइन खेलमा सर्लाहीको बागमती युथ क्लबलाई हराउँदै एपीएफ फाइनलमा प्रवेश गरेको हो। हेटौंडा-६ स्थित गौरिटार रंगशालामा भएको खेलमा बागमती क्लबलाई ४-० गोलअन्तरले सहजै पराजित गर्दै एपीएफ फाइनलमा प्रवेश गरेको हो ।

म्यान अफ द म्याच सशस्त्रबाट अनिष महर्जन घोषित भए । उनले नगद १० हजार रुपैयाँसहित ट्रफी प्राप्त गरे । अब उपाधिका लागि शनिबार न्यू रोड टिम (एनआरटी) र एपीएफ बीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले १५ लाख रुपैयाँ र उपविजेता टिमले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले ३५० सीसीको बुलेट बाइक पाउनेछ ।

१२ टिमको सहभागिता रहेको प्रतियोगिताको उपाधि विजेता टिमले १५ लाख रुपैयाँ र उपविजेता टिमले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले ३५० सीसीको बुलेट बाइक पाउनेछ । विधागत उत्कृष्ट खेलाडीहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा भइरहेको प्रतियोगिताको फाइनल खेल शनिबार हुनेछ ।

### विद्यालयस्तरीय टी-२० क्रिकेट

# हेटौंडा एकेडेमी विजयी

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा जारी स्वर्गीय निरज श्रेष्ठ स्मृति दोस्रो विद्यालयस्तरीय टी-२० क्रिकेट प्रतियोगिताअन्तर्गत् बिहीबार भएको पहिलो खेलमा हेटौंडा-११ स्थित हेटौंडा एकेडेमी विजयी भएको छ । टस जितेर पहिलो ब्याटिङ गरेको हेटौंडा-५ स्थित जीएस निकेतनले निर्धारित १५ ओभरको खेलमा ९ विकेट गुमाई ७६ रन बनाएको थियो । जीएस निकेतनको तर्फबाट जीवन श्रेष्ठले १५ रन जोडेका थिए । प्रियान्सु बिडारी र मुनाल यादवले समान १०-१० रन बनाए । हेटौंडा एकेडेमीबाट इसान्त भण्डारीले सर्वाधिक ४ विकेट लिए ।

जवाफी ब्याटिङमा उत्रिएको हेटौंडा एकेडेमीले १२ ओभर १ बलमा ३ विकेट गुमाएर लक्ष्य भेट्टायो। एकेडेमीका लालबाबु अलीले सर्वाधिक ३० रन बनाएका थिए। सौरभ चौधरीले १५ रन जोड्न सफल भएका थिए । क्रिस ठकुरी र राजाबाबु पटेलले समान १२-१२ रन बनाए। म्यान अफ द म्याच हेटौंडा एकेडेमीबाट सर्वाधिक विकेट लिने भण्डारी घोषित भए ।

बिहीबार नै भएको दोस्रो खेलमा कमाने एकेडेमी विजयी भएको छ। टस हारेर पहिले ब्याटिङ गर्ने निम्तो पाएको तुल्सीमेहर बोर्डिङले निर्धारित १५ ओभरमा ६ विकेटको क्षतिमा १ सय २ रन बनाएको थियो। तुल्सीमेहरबाट लक्की त्रिपाठीले सर्वाधिक २९ रन बनाएका थिए। कमानेबाट उत्सव सापकोटा, सृजन थापाले समान २-२ विकेट लिएका थिए।

जवाफी ब्याटिङ गरेको कमाने एकेडेमीले ९ ओभर ४ बलमा ५ विकेट गुमाएर लक्ष्य भेट्टायो। कमाने एकेडेमीबाट जोयल गुडले सर्वाधिक ४८ रन जोडे । रेयाज गुरुङले १२ रन जोडे । तुल्सीमेहरबाट विशाल साहिलले ४ विकेट लिए पनि हार टार्न सकेन। म्यान अफ द म्याच जोयर गुरुङ घोषित भएका छन् ।

बिहिबार नै भएको खेलमा हेटौंडा-१० स्थित सोलिड्यारिटी इन्टरनेशन एकेडेमीले हेटौंडा-२ स्थित ज्ञानोदय बालबाटिकालाई ८२ रनले पराजित गरेको छ । टस जितेर पहिले ब्याटिङ गरेको सेलिड्यारिटी बोर्डिङले निर्धारित १५ ओभरमा ४ विकेट गुमाएर १ सय ४८ रन जोड्न सफल भएको थियो। सेलिड्यारिटीको तर्फबाट पंकज पटेलले सर्वाधिक ५४ रन प्रहार गरेका थिए । अब्दुल वाजिदले ३० रन जोडेका थिए। जवाफी ब्याटिङ गरेको ज्ञानोदयले १२ ओभर ४ बलमा सबै विकेट गुमाएर ६६ रनमात्र जोड्न सफल भएको थियो। ज्ञानोदयबाट नासिर हुसेनले २५ रन बनाएका थिए ।

# वैध मुद्दामा काम गर्नेः मन्त्री चित्रकार

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित रोटरी क्लब हेटौंडाको सभाहलमा प्रदेश सरकारसँग अन्तक्रिया कार्यक्रम भएको छ। बागमती प्रदेश उद्योग परिसंघको आयोजनामा भएको कार्यक्रम उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकारले कार्यक्रममा उठेको वैध मुद्दामा काम गर्ने बताउनुभएको छ ।

कार्यक्रममा विभिन्न पदाधिकारीले समस्या उठाएका थिए । औधोगिक नीति तथा कार्यक्रम, ऐन नियमसम्बन्धी भएको कार्यक्रममा मन्त्री चित्रकारको प्रमुख आतिथ्य र बाग्मती प्रदेश उद्योग प्ररिसंघका अध्यक्ष लेखराज पोखरेलको अध्यक्षता रहेको थियो। कार्यक्रममा अध्यक्ष पोखरेलले प्रादेशिक नीति, प्रादेशिक कानुनमा संशोधन गर्नुपर्ने, कार्यक्रम तथा बजेटमा समावेश गर्नुपर्ने, प्रदेश मन्त्रालयले आफैले निर्णय गरी संशोधन गर्न सक्ने, प्रदेश सरकारले केन्द्रमा सिफारिस गर्नुपर्ने र सार्वजनिक निजी साझेदारी कार्यक्रमका विषयहरुमा प्रस्तुतिकरण गर्नुभएको छ । अन्तक्रिया कार्यक्रममा बागमती प्रदेशका विभिन्न मन्त्रालयका प्रतिनिधि, उद्योगी, व्यवसायीलगायतको उपस्थिति रहेको थियो ।

प्रदेशमा औद्योगिक क्षेत्रमा गर्न सकिने कामलाई व्यवहारिकरुपमा गर्ने उद्देश्यले कार्यक्रमको आयोजना भएको हो। कार्यक्रममा पोखरेलले उद्योग दिवस २०८० मा सहभागीहरुले उठाएका नीतिगत सुधारका विषयमा प्रस्तुतिकरणसमेत गर्नुभएको थियो। उद्योग दिवसको अवसरमा सहभागीहरुले उद्योग सञ्चालनमा प्रादेशिक सरकारले जारी गर्नुपर्ने ऐन नियमहरु स्पष्टरुपमा जारी गर्नुपर्ने र पालनासमेत गर्नुपर्ने, राज्यले लगाएको दोहोरो कर हटाउनुपर्ने, श्रमिकहरुलाई मंहगीको अनुपातमा बाँच्न सकिने गरी तलब भत्ताको व्यवस्था गरिनुपर्ने, उद्योगसँग नेपाल विद्युत् प्राधिकरणले डिमान्ड शुन्क दिरहेको छ र त्यसलाई खारेज गर्नुपर्नेलगायतका माग गरेको छ।

कार्यक्रमबाट औद्योगिक क्षेत्रमा कमजोर निर्णय निस्किएको बताउनुहुँदै मन्त्री चित्रकारले निस्किएको वैध मुद्दामा काम गर्ने बताउनुभएको हो। उहाँले यस क्षेत्रमा रहेको दृष्टिकोणमा सुधार ल्याउन जरुरी रहेको बताउनुभयो । कार्यक्रममा सहभागीहरुले स्थानीयमा औद्योगिक कपडाको व्यवस्था, उद्यमीलाई विभिन्न कारण जेल हाल्ने कानुन खारेज, उद्योगको तथ्यांकको अनुसन्धान विकासका कुरा राखेका थिए।

# बागमतीमा फुटबल रंगशालाको शिलान्यास

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका वडा नम्बर ४ स्थित झुरझुरे खेलमैदानमा प्यारफिटसहितको रंगशाला बन्ने भएको छ। बिहीबार एक कार्यक्रमका बिच गाउँपालिकाका अध्यक्ष सर्केश घलानले रंगशालाको शिलान्यास गर्नुभएको हो ।

पालिका अध्यक्ष घलानका अनुसार ६० मिटर लम्बाइ र १० मिटर चौडाइमा बन्ने प्यारापिटको शिलान्यास भएको छ। यसपटक करिब ३ करोड ९ लाख रुपैयाँमा एक साइडमा प्यारापिट बन्न लागेको र आगामी वर्षमा सबै साइडमा प्यारापिट निर्माण गरिने उहाँले बताउनुभयो । प्यारापिट निर्माणको जिम्मा हेटौंडास्थित



सञ्जय निर्माण सेवा प्रालिले पाएको छ।

अध्यक्ष घलानले अर्को वर्षको पुस महिनासम्म निर्माण सप्पन्न गर्ने सम्झौता भएको बताउनुभएको छ। अध्यक्ष घलानले समयमै काम सकाउन र गुणस्तरीय कार्य सुझावसमेत दिनुभयो ।

अध्यक्ष घलानले एक वर्षभित्र निर्माण सप्पन्न गराएर पालिकाले आयोजना गर्दै आइरहेको बागमती गोल्डकपको सातौं संस्करण उक्त रंगशालामा आयोजना गर्ने लक्ष्य रहेको बताउनुभयो । उहाँले अहिले पालिकाले सबै वडा र टोलस्तरमा व्यवस्थित खेल मैदान निर्माण गरेको बताउनुभयो । खेलाडी उत्पादनका लागि पालिकाले आफ्नो स्रोत साधन र श्रमदानमार्फत् कम खर्चमा मैदान निर्माण गरिरहेको उहाँले बताउनुभयो ।

रंगशाला शिलान्यास कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलान, बागमती-४ का वडा अध्यक्ष दन्तलाल माझी र बागमती-५ का वडा अध्यक्ष बिजयकुमार भोलनलगायतको उपस्थिति रहेको थियो ।

# हेटौंडामा खेल पत्रकारिता तालिम सुरु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको राजधानी हेटौंडामा बिहीबारबाट दुईदिने खेल पत्रकारिता तालिम सुरु भएको छ। जिल्ला फुटबल संघ मकवानपुरको सहयोग तथा खेलकुद पत्रकार मञ्च मकवानपुरको आयोजनामा तालिम सुरु भएको हो ।

तालिमको एन्फा केन्द्रीय सदस्य एवम् जिल्ला फुटबल संघ मकवानपुरका अध्यक्ष टीकाराम लामाले उद्घाटन गर्नुभएको छ । फुटबल खेलको नियम, प्राविधिक ज्ञान, समाचार लेख्दा ध्यान दिनुपर्ने कुराहरु, फुटबलको सर्वव्यापी मान्यतालगायतका विषयमा दुई दिन प्रशिक्षण हुनेछ ।

तालिम शुक्रबारसम्म सञ्चालन हुनेछ। तालिममा मकवानपुरका ३५ जना पत्रकारको सहभागिता रहेको छ। पहिलो दिनको तालिमको सहजीकरण फुटबल खेलका विज्ञ सञ्जीव मिश्रले गर्नुभएको थियो । शुक्रबार रेडियो कान्तिपुरका सम्पादक पवन आचार्य र खेल पत्रकार प्रकाश तिमल्सिनाले फुटबल खेलको रिपोर्टिङको विषयमा सहजीकरण गर्नुहुनेछ ।

नेपाल खेलकुद पत्रकार मञ्च मकवानपुरका उपाध्यक्ष सुवास बिडारीको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा पत्रकार महासंघ मकवानपुरका निवर्तमान अध्यक्ष हरि हुमागाईंलगायतको उपस्थिति थियो ।

### ल्होछार कप फुटबल प्रतियोगिता

# उपाधिका लागि करौंजे र कुटुली भिड्ने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका वडा नम्बर ३ स्थित गढनमा जारी प्रथम ल्होछार कप ८-ए साइड फुटबल प्रतियोगिताको फाइनल खेल शनिबार हुने भएको छ । प्रतियोगिताको उपाधिका लागि बागमती-१ स्थित करौंजे युवा क्लब र बकैया-२ स्थित कुटुली युवा क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

बागमती-३ का वडाध्यक्ष कमान सिं पाखिनका अनुसार बिहीबार भएको पहिलो सेमिफाइनल खेलमा झुरझुरे युवा क्लब, बागमती-४ लाई टाइब्रेकरमा ४-३ गोलले हराउँदै कुटुली युवा क्लब फाइनल प्रवेश गरेको हो। निर्धारित खेल समय गोलरहित बराबरीपछि खेलको नतिजा टाइब्रेकरबाट लिइएको हो ।

बिहीबार नै भएको दोस्रो सेमिफाइनल खेलमा बकैया-२ स्थित त्रिवेणी युवा क्लबलाई १-० गोलले हराउँदै करौंजे युवा क्लब फाइनल प्रवेश गरेको छ। करौंजेका लागि रोधिन्द्र राईले निर्णायक गोल गरे । खेलको म्यान अफ द म्याच राई घोषित भए ।

प्रतियोगिताको विजेता टिमले नगद ५० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले नगद ३० हजार रुपैयाँ प्राप्त गर्नेछन् । नाङ्साल युवा क्लबद्वारा आयोजना तथा वडा नम्बर ३ को मुख्य प्रायोजनमा गत शनिबारदेखि सुरु भएको प्रतियोगितामा १८ टिम सहभागी थियो ।

# प्रमुख प्रशासकीय अधिकृतको टिम विजयी

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको ५५ औं स्थापना दिवसको अवसरमा विभिन्न खेलकुद कार्यक्रमको आयोजना गरिएको छ। बिहीबारबाट नगरपालिकाको ५५ औं स्थापना दिवसको अवसरमा खेलकुद कार्यक्रमको आयोजना गरिएको हो ।

बिहीबार भएको मैत्रीपूर्ण भेट्रान्स फुटबल प्रतियोगितामा प्रमुख प्रशासकीय अधिकृतको टिम विजयी भएको छ । बिहीबार हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा भएको खेलमा नगर प्रमुखको टिमलाई ४-३ गोल अन्तरले पराजित गर्दै प्रमुख प्रशासकीय अधिकृतको टिमले भेट्रान्स फुटबल प्रतियोगिता जितेको हो ।

आज शुक्रबार हेटौंडा-४ स्थित हुप्रचौरमा पुरुष भलिबल प्रतियोगिता हुनेछ भने हेटौंडा-४, कमलडाँडास्थित फुटसल कोर्टमा महिला फुटसल प्रतियोगिता हुनेछ । मैत्रीपूर्ण फुटबल प्रतियोगितामा नगर प्रमुख मीनाकुमारी लामा, हेटौंडा-११ का वडा अध्यक्ष जुना दहाललगायत नगरपालिकाका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।







समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ